# जिल्ला समन्वय समितिको कार्यालय

## धनकुटा

फोन नं. ०२६-५२२-१२३,१२४,१२५,७९१
इमेल:ddc.dhankuta.mofald@gmail.com

कोशी प्रदेश, नेपाल

प.सं : २०८१/०८२
च.नं. : ६

मिति :२०८१/०४/१३
ने.सं.: ११४४ दिल्लागा ८, आइतवार

विषय : २०८१ बैशाख, जेठ र असार महिनामा सम्पादित क्रियाकलाप विवरण पठाइएको ।

श्री राष्ट्रिय सूचना आयोग
नयाँबानेश्वर, काठमाण्डौं ।

प्रस्तुत विषयमा मिति २०८१ बैशाख, जेठ र असार महिनामा यस जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाबाट सम्पादन भएका क्रियाकलापहरुको विवरण सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरी यसै पत्रासाथ संलग्न राखी ताहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

२०८१।४।१३

(राजिव सुवेदी)
नि. जिल्ला समन्वय अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, धनकुटा ।

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम सार्वजनिक गरिएको विवरण

## २०८१ साल वैशाख, जेठ र असार महिनामा सम्पादित क्रियाकलाप विवरण

जिल्ला समन्वय समितिको कार्यालय, धनकुटा

२०८१।४।१२

(सूचना अधिकारी)

## जिल्ला समन्वय समितिको परिचय

नेपालको संविधानको धारा २२० मा व्यवस्था भए बमोजिम र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ मा भएको कानुनी व्यवस्था अनुरुप जिल्ला सभा तथा जिल्ला समन्वय समिति गठन भइ सञ्चालनमा रही आएको छ।

### १. जिल्ला सभा र जिल्ला समन्वय समिति (नेपालको संविधान धारा २२० बमोजिम)

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभा रहने,
- जिल्ला सभामा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख सदस्य रहने,
- जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र १ जना दलित वा अल्पसंख्यक सहित बढीमा ९ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने,
- सम्वन्धित जिल्ला भित्रको गाउँ सभा र नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको उमेद्वार हुने

### २. जिल्ला सभाको काम कर्तव्य र अधिकार

- जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सो को अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय, प्रदेश सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,
- प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने,

### ३. स्थानीय सरकार सञ्चालन ऐन अनुसार जिल्ला सभा र जिल्ला समन्वय समितिका काम, कर्तव्य र अधिकार

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ९२ अनुसार प्रदेश कानुनले अन्यथा व्यवस्था नगरेसम्मको लागि नेपालको संविधानको धारा २२० को उपधारा (७) मा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको।

क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीचको विकास निर्माणका विषय पहिचान गर्न तथा ब्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

ख) जिल्लाभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माणसम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा ब्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत वा पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासका लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

घ) जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सो को समाधानका लागि समन्वय तथा सहजिकरण गर्ने,

च) जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद ब्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

छ) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

ज) जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

झ) आफ्नो काम कारवाहीको सम्वन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्त्व गर्ने संसद-सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने।

**४. जिल्ला सभा ऐन, २०७५ अनुसार जिल्ला सभाका काम, कर्तव्य र अधिकारहरुः-**

- नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितिले गर्नेछ भनि जिल्ला सभा ऐन, २०७५ को दफा ६ मा व्यवस्था भए अनुसार जिल्ला सभा तथा जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

-ऐनको दफा ३ बमोजिमका काम, कर्तव्य र अधिकारहरुः-

नेपालको संविधानको धारा २२० को उपधारा (७) का अतिरिक्त जिल्ला सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) विकास कार्यमा समन्वय

ख) अनुगमन कार्य

ग) सूचना तथ्याङ्क तथा अभिलेख व्यवस्थापन कार्य

घ) क्षमता विकास कार्य

ङ) व्यवस्थापन कार्य

च) प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

छ) भाषा, कला र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्य

-ऐनको दफा ४ बमोजिमका अन्य कार्य अन्तर्गत जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारवाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारवाही अगाडी बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको।

**५. जिल्ला समन्वय समितिको पदाधिकारी विवरणः**

जिल्ला समन्वय समिति प्रमुख - १

जिल्ला समन्वय समिति उपप्रमुख - १


जिल्ला समन्वय समिति सदस्य - ७

जम्मा - ९ जना

६. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको दरबन्दी तथा हाल कार्यरत विवरण:

| क्र.सं. | पद | श्रेणी | सेवा | समुह | दरबन्दी संख्या | पदपूर्तिको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | जिल्ला समन्वय अधिकारी | रा.प.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ३ | इन्जिनियर | रा.प.तृतीय | इन्जि. | सिभिल | १ | ० | |
| ४ | नायब सुव्बा | रा.प.अन.प्रथम | प्रशासन | सा.प्र. | १ | १ | |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ | १ | |
| ६ | सब इन्जिनियर | रा.प.अन.प्रथम | इन्जि. | सिभिल | १ | १ | |
| ७ | खरिदार | रा.प.अन.द्वितीय | प्रशासन | सा.प्र. | १ | १ | |
| ८ | कार्यालय सहयोगी | श्रेणीविहिन | | | ३ | २ | करार |
| ९ | ह.स.चा. | श्रेणीविहिन | | | ३ | २ | करार |
| | जम्मा | | | | १३ | १० | |
| १० | नायब सुव्बा | रा.प.अन.प्रथम | | | १ | १ | करार (प्रमुखज्यूको निजी सचिवालयमा) |
| ११ | लेखापाल | सहायकस्तर पाँचौं | प्रशासन | लेखा | | १ | अस्थायी (सर्वोच्च अदालतबाट मुद्दा फैसला भइ पदपूर्तिको प्रकृयामा रहेको) |
| १२ | चौकीदार (सुरक्षा गार्ड) | श्रेणीविहिन | | | | १ | करार |
| १३ | सरसफाईकर्मी | | | | | १ | करार |

७. जिल्ला समन्वय समितिको कार्यालय, धनकुटाको संगठन संरचनाः



## ८. ऐन, नियम र निर्देशिकाहरुको विवरण:

नेपालको संविधानको अतिरिक्त हाल सम्म जिल्ला सभा तथा जिल्ला समन्वय समितिलाई देहाय बमोजिम ऐन नियम र निर्देशिकाहरुले निर्देशित गरेको छ ।

क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ख) जिल्ला सभा ऐन, २०७५

ग) जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५

घ) जिल्ला सभा र जिल्ला समन्वय समितिका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५

उपरोक्त ऐन नियमका अतिरिक्त नेपाल सरकार एवं प्रदेश सरकारद्वारा जारी भएका ऐन नियमहरु कार्यान्वयन गर्नु यस कार्यालयको दायित्त्व रहेको छ ।

## ९. मुख्य मुख्य क्रियाकलाप विवरण:

क) महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयनका लागि तयार गरिएको दोश्रो राष्ट्रिय कार्ययोजना ( २०७९/८०-२०८१/८२) कार्यान्वयनको चरणमा रहेको र उक्त कार्ययोजनाको दफा १२ को उपदफा १२.५ मा स्थानीय तहमा कार्ययोजना कार्यान्वयनका लागि नगरपालिका/गाउँपालिकाका प्रमुख/अध्यक्षको संयोजकत्त्वमा कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गरिनेछ भन्ने व्यवस्था भए अनुसार जिल्ला समन्वय समितिको समन्वयमा मिति २०८१/०३/०२ सम्ममा यस जिल्लाका सातवटै स्थानीय तहमा उक्त समिति गठन भएको ।

ख) श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको च.नं. ४६६ मिति २०८१/०२/०३ को पत्रानुसार स्थानीय तहबाट भएका उपलब्धीहरुको एकीकृत राष्ट्रिय तथ्याङ्क तयार गर्न, स्थानीय तहबाट प्रतिवेदन गर्नुपर्ने कार्यलाई थप व्यवस्थित गर्न, स्थानीय तहका असल अभ्यास तथा समस्याहरुको जानकारी लिन र संविधानको धारा २२० (७) बमोजिम जिल्ला समन्वय समितिबाट हुने अनुगमनलाई सहजीकरण गर्न मन्त्रालयबाट स्थानीय तहको प्रगति तथा अनुगमन प्रणाली तयार गरी कार्यान्वयनमा ल्याएकोले उक्त प्रणालीको कार्यान्वयनमा सहजीकरण गर्नका लागि मिति २०८१/०२/०९ गते बिहान ८:०० बजे **अभिमुखीकरण कार्यक्रम (भर्चुअल)** आयोजना भएको हुँदा उक्त कार्यक्रममा यस जिल्लाका नगरपालिका तथा गाउँपालिकाका प्रमुख/अध्यक्ष सहितका पदाधिकारी एवम् कर्मचारीहरुको उपस्थितिका लागि सहजिकरण तथा समन्वय गरी यस कार्यालयबाट समेत जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख तथा जिल्ला समन्वय अधिकारी सहितका पदाधिकारी तथा कर्मचारी सहभागी भइ मन्त्रालयबाट तयार भएको अनुगमन प्रणालीको जानकारी भइ अनुगमनमा सहजता भएको ।

ग) प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (कार्यक्रम समन्वय इकाई) सिंहदरबार, काठमाण्डौंको प्राविधिक सहयोगमा जिल्ला समन्वय समितिको एकरुपता सहितको नयाँ वेबसाईट तयार गरी सञ्चालनका साथै **"स्थानीय तहको प्रगति समीक्षा तथा जि.स.स.को अनुगमन"** कार्यको सहजताका लागि मिति २०८१ बैशाख ३१, ज्येष्ठ १ र २ गते धुलिखेलमा सञ्चालित जि.स.स.को वेबसाईट तथा अनुगमन प्रणालीबारे प्राविधिक अनुशिक्षण कार्यक्रममा पाख्रीबास नगरपालिकाका सूचना प्रविधि अधिकृत सहित यस कार्यालयका ना.सु. खगेन्द्र चौलागाईं सहभागी भइ हाल वेबसाइट सञ्चालन कार्य भइरहेको छ ।

घ) गणतन्त्र दिवस, २०८१ जिल्लास्तरीय समारोह समितिका संयोजक एवम् जिल्ला समन्वय समिति, धनकुटाका प्रमुख श्री निरेन तामाङज्यूको अध्यक्षतामा मिति २०८१ ज्येष्ठ ७ गतेका दिन बसेको बैठकको निर्णय बमोजिम २०८१ ज्येष्ठ १४, १५ र १६ गते सबै सरकारी कार्यालय, गैर सरकारी संघ संस्था तथा प्रत्येक नागरिकको घर घरमा साँझ दिपावली कार्यक्रम, मिति २०८१ ज्येष्ठ १५ गते बिहान ७:०० बजे हुने प्रभातफेरी कार्यक्रम, पत्रकार र कर्मचारीबीच मैत्रीपूर्ण ब्याडमिन्टन प्रतियोगिता, १५ वर्ष मुनिका बालबालिकाहरुको जिल्लास्तरीय बुद्धिचाल प्रतियोगिता एवम् "गणतन्त्र: सिद्धान्त र व्यवहार" विषयमा पालिकास्तरीय खुला निबन्ध प्रतियोगिता गरी सञ्चालन गरी भव्य रुपमा मनाइएको ।

ङ) सञ्चार तथा सूचना प्रविधि मन्त्रालय (मुद्रण विभाग, राजपत्र सम्पादन एकाइ) सिंहदरबार, काठमाण्डौंको आयोजनामा तथा यस कार्यालयको समन्वयमा मिति २०८१/०१/११ गतेका दिन यस जिल्लाका सातवटै पालिकाका प्रमुख प्रशासकीय अधिकृत, राजपत्र प्रकाशान सम्बन्धी कार्यमा संलग्न अधिकृत र कम्प्युटर सम्बन्धी काम गर्ने प्राविधिक कर्मचारीहरुको सहभागीतामा प्रदेश तथा स्थानीयस्तरमा राजपत्र प्रकाशन तथा व्यवस्थापन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको ।

च) जिल्ला समन्वय समितिबाट हुने अनुगमन तथा समन्वयका कार्यहरु नियमित रुपमा भइरहेको ।

## १०. आम्दानी, खर्च तथा तथा आर्थिक कारोवार सम्बन्धि विवरण:

आ.व. २०८०/८१ मा यस कार्यालयलाई संघीय सरकारबाट देहाय बमोजिम बजेट प्राप्त भइ खर्च भएको छ ।

### क) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त बजेटको खर्च विवरण:

| क्र.सं. | खर्च शीर्षक | प्राप्त बजेट | २०८१ असार महिनासम्मको खर्च |
|---|---|---|---|
| १ | कर्मचारी र पदाधिकारीहरुको तलव/ पारिश्रमिक तथा विभिन्न भत्ता | १,०४,२४,०००।०० | ९४,००,६२७।९० |
| २ | करार सेवा शुल्क- निजी सचिवालय | ४,६१,०००।०० | ४,५०,९९६।०० |
| ३ | अनुगमन तथा भ्रमण खर्च | ७,५२,०००।०० | ७,३८,०५६।०० |
| ४ | कार्यक्रम खर्च (समीक्षा बैठक सहित) | ४,०१,०००।०० | १,३२,०००।०० |
| ५ | अनिवार्य दायित्त्व सहितका कार्यालय सञ्चालन खर्च | २८,३२,०००।०० | २८,३१,३६३।०० |
| जम्मा | | १,४८,७०,०००।०० | १,३५,५३,०४२।९० |

११. अन्य आन्तरिक आम्दानी विवरण: १,९३,०००।-